# विष्णु गाउँपालिका

मो.नं. ९८५४०३८५६५

# गाउँ कार्यपालिकाको कार्यालय

सिमरा, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

प.सं. २०७८/०७९
च.न १२६९

सुचना ! सुचना!! सुचना !!!

मिति :२०७९/३/२५

उपरोक्त सम्बन्धमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) द्वारा मिति २०७९/३/२५ गतेको गोरखापत्रमा प्रकाशित सुचना अनुसार यस विष्णु गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा करारमा रोजगार सहायक-१ (एक जना) खुला प्रतिस्पर्धाको मध्यमबाट पदपूर्ति गराउने व्योहोरा अनुरोध छ ।

- **नोटःआवेदन भर्न विष्णु गाउँपालिकाको कार्यालयमा रहेको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोला ।**
- सम्पर्क व्यक्तिः विवेक कुमार साह (रोजगार संयोजक) ९८५४०३९५४७ ।

२०७९/३/२५

विवेक कुमार साह
रोजगार संयोजक

०७९/३/२५

संजिव सापकोटा
नि.प्रमुख प्रशासकीय अधिकृत

Email:-munbishnu@gmail.com/ Web Site:-http://bishnumun.gov.in/ / lekha.bishnumun@gmail.com
Contact No:-9854039539/9854039542/9854039540/9864114444/9854038565

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौ

# रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०३/२५)**

७५३ वटै गाउँपालिका/नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले स्थानीय तहले पदपूर्तिको सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र सम्बन्धित स्थानीय तहमा राजस्व बुझाएको रसिद सहित आफूले काम गर्न चाहेको गाउँपालिका तथा नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | प्रत्येक गाउँपालिका तथा नगरपालिकामा १/१ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
   - क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
   - ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
   - ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

२. **दरखास्त दिने स्थान :-** काम गर्न चाहेको सम्बन्धित गाउँ/नगर कार्यपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति :-** स्थानीय तहले पदपूर्तिको सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **आवेदनको दस्तुर :-** रु.५००/- (पाँच सय मात्र)

५. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - क) नागरिकता
   - ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   - ग) चारित्रिक प्रमाण पत्र
   - घ) काम संग सम्बन्धित अनुभव भए सोको कागजात
   - ङ) तालिमको प्रमाणपत्र
   - च) २ प्रति पासपोर्ट फोटो

७. **सेवा सुविधा तथा अन्य :-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा सम्बन्धित स्थानीय तहको वेबसाइटबाट प्राप्त गर्न सकिने छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. [illegible]
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. २०७९/८०
च.नं. /pmep/ ३६२

मितिः२०७९/०३/२२

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय,
सबै ।
(मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

**विषयः पदपूर्ति सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत अस्थायी दरवन्दीको रोजगार सहायको पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०७८/१०/१८ मा **"स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक** पदपूर्ति मापदण्ड २०७८" स्वीकृत भै यस कार्यक्रमको वेव साइट www.pmep.gov.np मा उपलब्ध छ । पदपूर्ति सम्बन्धमा यस कार्यक्रमबाट मिति २०७९/०३/२५ को गोरखापत्रमा सूचना प्रकाशन गरिने व्यहोरा जानकारी गराइन्छ । अतः पदपूर्ति सम्बन्धमा त्यहाँबाट सार्वजनिक पत्रिकामा सूचना प्रकाशन गर्न नपर्ने तर मापदण्डको दफा ५ को उपदफा (१) बमोजिम सम्बन्धित पालिकाले पदपूर्तिको सूचना आफ्नो सूचनापाटी, वेव साईट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय लगायतका निकायहरुमा सूचना प्रकाशन गर्ने व्यवस्था भएकोले सो व्यवस्था मिलाई पदपूर्ति प्रकृया अगाडि वढाउनु हुन आदेशानुसार अनुरोध छ ।

..........................
(उषा थपलिया (पाण्डे))
शाखा अधिकृत

रोजगार सहायक पदको पाठ्यक्रम

अनुसूची -६

(७(२) सँग सम्बन्धित)

रोजगार संयोजकको पाठ्यक्रम

(क) सेवा सम्बन्धी

खण्ड-१:- प्रशासनिक कार्य सम्बन्धी    पूर्णाङ्क-५०    समय: १ घण्टा

१. नेपालको संविधानको भाग-३ मौलिक हक सम्बन्धी व्यवस्था

२. नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९

३. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

६. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो व्यवस्थापन

७. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन

८. आचरण तथा अनुशासन

९. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु

१०. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जनाका र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र चुनौतीहरु

११. रोजगारी सिर्जनामा सरकार, निजीक्षेत्र, गैर सरकारी संस्था, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरु बीचको सहकार्य, साझेदारी र समन्वय

१२. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृया

१३. स्थानीय विकास तथा सेवा प्रवाह प्रकृयामा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व

(ख) कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा    पूर्णाङ्क-२०    समय: ३० मिनेट

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Power Point Presentation system
7. Internet Browsing & Website Management.